# जुगल गाउँपालिका

# स्थानीय राजपत्र

## जुगल गाउँपालिकाको पर्यटन विकास समिति (गठन तथा परिचालन) कार्यविधि, २०७९

| | | |
|---|---|---|
| खण्ड :-३ | ऐन संख्या :- ३ | कार्यपालिकाबाट स्वीकृत मिति :- २०७९/भाद्र/२७ |

जुगल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बराम्ची, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

# जुगल गाउँपालिकाको पर्यटन विकास समिति कार्यविधि, २०७९

**प्रस्तावना :** पर्यटकीय सम्पदाहरुको विकास, विस्तार, संरक्षण, प्रवर्धन गरी सामाजिक, सांस्कृतिक, आर्थिक, संस्थागत, वातावरणीय, सूचना प्रविधि सहितको दीगो पर्यटकीय विकास गर्न आवश्यक र वाञ्छनीय भएकाले जुगल गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम जुगल कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"जुगल पर्यटन विकास समिति २०७९"** रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा

(क) **"समिति"** भन्नाले दफा ३, ६ र ८ बमोजिम गठन भएको कार्यकारी समितिलाई सम्झनु पर्छ ।

(ख) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ग) **"उपाध्यक्ष"** भन्नाले पालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(घ) **"पर्यटक"** भन्नाले स्वदेशी तथा विदेशी मुलुकबाट भ्रमणका लागि पालिका क्षेत्रभित्र आउने नेपाली तथा गैर नेपाली नागरिकलाई सम्झनु पर्छ ।

(ङ) **"पर्यटन व्यवसाय"** भन्नाले पर्यटकको माध्यमबाट सञ्चालन गरिने व्यवसाय, पर्यटकहरूका निमित्त राष्ट्रिय वा अन्तर्राष्ट्रिय परिवहनका सेवा तथा सुविधा पुऱ्याउने कारोबार, पर्यटकहरूलाई नेपाल भित्र वा नेपाल बाहिर कुनै पनि स्थानमा पूर्ण वा आंशिक रूपमा परिवहन, बसोबास, शहरी वा ग्रामीण क्षेत्रमा गर्ने भ्रमणको व्यवस्था, होटल, सांस्कृतिक पार्क, लज, रेष्टुरेन्ट सेवा, दृश्यावलोकन, पथ प्रर्दशन, पर्वतारोहण, पदयात्रा, जलयात्रा, धार्मिक, सांस्कृतिक, खेलकुद, शैक्षिक, स्वास्थ्य, कृषि तथा अन्य साहसिक एवं मनोरन्जनात्मक सेवा पुऱ्याउने र सो वापत स्वदेशी तथा विदेशी मुद्रा आयआर्जन गर्ने प्रकृतिका कारोबार, पर्यटकहरूलाई पूर्ण वा आंशिक रूपमा खुद्रा वस्तुहरू विक्री गर्ने कारोवार, पर्यटकहरूलाई आर्कषित गर्नका निमित्त पूर्ण वा आंशिक रूपमा साहित्य कला, संस्कतिको प्रस्तुति वा अन्य कुनै प्रर्दशनी, आयोजना, राष्ट्रिय तथा अन्तराष्ट्रिय मेला, प्रचार, प्रसार अभियान संचालन गर्ने कार्यलाई समेत सम्झनुपर्छ ।

(च) **"तोकिए"** वा **"तोकिए बमोजिम"** भन्नाले कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(छ) **"पालिका"** वा **"गाउँपालिका"** भन्नाले जुगल गाउँपालिका सम्झनुपर्छ ।

(ज) **"कार्यपालिका"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ ।

(झ) **"सभा"** भन्नाले गाउँपालिकाको सभालाई सम्झनु पर्दछ ।

(ञ) **"ऐन"** भन्नाले यस जुगल गाउँपालिकाले जारी गरेको जुगल गाउँपालिकाको पर्यटन विकास समिति २०७९" लाई सम्झनु पर्दछ ।

## परिच्छेद - २
## समिति गठन, पदावधि, योग्यता, राजिनामा, पुन पदपुर्ति तथा फिर्ता बोलाउने

**समितिको गठनः**

(१) समितिको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्यक्रमहरू सुव्यवस्थित रूपले सञ्चालन गर्न, गराउन र समितिका सम्पूर्ण काम कारवाहीहरूको रेखदेख तथा प्रबन्ध गर्नका लागि ५ सदस्यीय समितिको गठन हुनेछ ।

(२) समितिमा देहायका सदस्यहरू रहनेछन् :-

क) गाउँ कार्यपालिकाले तोकेको पर्यटन विषयको विशेषज्ञ - अध्यक्ष

(ख) गाउँ कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यमध्येबाट एक महिला सहित सदस्य २ जना

(ग) पर्यटकीय स्रोत सम्पदा सम्बन्धी विषय विज्ञ र पर्यटन व्यवसायी मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेको व्यक्ति १ जना - सदस्य

(घ) गाउँ पालिकाको पर्यटन क्षेत्र हेर्ने कर्मचारी मध्येबाट १ जना - सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनित सदस्यहरूको पदावधि ५ वर्षको हुनेछ ।

(४) समितिले आवश्यक देखेमा कुनै स्वदेशी तथा विदेशी विषय विज्ञ, सल्लाहकार वा पर्यटन व्यवसायसँग सम्बन्धित उपलब्ध प्रतिष्ठित व्यक्तिलाई समितिको सल्लाहकार नियुक्ति गर्न सकिनेछ र समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) अध्यक्षले कुनै कारणबाट आफ्नो पदबाट राजिनामा दिन चाहेमा पालिका अध्यक्ष समक्ष र अन्य पदाधिकारी तथा सदस्यले समितिको अध्यक्ष समक्ष राजिनामा पेश गर्नु पर्नेछ ।

(६) पदावधिको बाँकी छँदै राजिनामा दिएमा, मृत्यु भएमा, असक्त भई तोकिएको कार्य सम्पादन गर्न नसक्ने फौजदारी अभियोगमा सजाय पाएमा, बसाई सरी बाहिर गएमा, पदीय दायित्व सन्तोषजनक ढंगले वहन नगरे पदबाट फिर्ता बोलाई कार्य समितिको पद रिक्त भएमा बाँकी पदावधिको लागि कार्यपालिकाले मनोनयन गर्न सक्नेछ ।

**समितिमा पदाधिकारी तथा सदस्यमा मनोनयन गर्न देहाय बमोजिमको योग्यता हुनुपर्नेछ ।**

(क) २२ वर्ष पुगेको नेपाली नागरिक हुनुपर्नेछ ।

(ख) सापेक्षिक रुपमा पर्यटन सम्बन्धी पर्याप्त जानकारी भई योगदान पुऱ्याउन सक्ने ।

(ग) पर्यटन तथा संस्कृतिको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको ।

(घ) गाउँपालिका/जिल्लाभित्र बसोबास गरी सामाजिक काममा योगदान पुऱ्याइ रहेको ।

(ङ) फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति ।

(च) बैंक तथा वित्तीय संस्थाको कालो सूचीमा नपरेको व्यक्ति ।

(छ) अध्यक्षको हकमा कम्तिमा ५ वर्ष पर्यटन सम्बन्धी ज्ञान भएको र अंग्रेजी भाषामा राम्रो दखल भएको ।

**३. समितिको उद्देश्य :**समितिका उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) पालिका क्षेत्रभित्र रहेका प्राकृतिक तथा सांस्कृतिक पर्यटकीय स्रोत सम्पदाको पहिचान गरी तिनको उचित संरक्षण र सम्र्बद्धन गर्दै पर्यटनको विकास गर्ने ।

(ख) पालिका क्षेत्रलाई एक आकर्षक पर्यटन स्थलका रूपमा विकास गर्न पर्यटकीय वस्तुहरुहरुको विविधीकरण गरी पर्यटन बजारमा ब्राण्डिङ्ग गराउने ।

(ग) पालिका भित्रको मौलिक ब्राण्डको पर्यटन व्यवसायको विकास, विस्तार र प्रर्वद्धनद्वारा स्थानीय उत्पादन उपयोग तथा आय र रोजगारीका अवसरहरूको सिर्जना गर्ने ।

(घ) पालिका क्षेत्रलाई सुरक्षित, भरपर्दो तथा गुणात्मक पर्यटन स्थलका रूपमा विकसित गरी पर्यटन व्यवसायलाई मर्यादित रुपमा संचालन गरी दिगो व्यवस्थापनमा जोड दिने ।

(ङ) पालिका क्षेत्रमा दीगो पर्यटन विकास गर्ने, पर्यटकहरूलाई गुणात्मक सेवा प्रदान गर्ने, पर्यटन व्यवसायमा देखिने नकरात्मक प्रभावलाई न्युनीकरण गर्न आवश्यकतानुसार कार्यमुलक अनुसन्धान गर्ने ।

(च) पालिका क्षेत्रमा पर्यटन व्यवसायको दीगो विकास एवं विस्तारका लागि आवश्यक सस्थाहरूको स्थापना र संस्थागत विकासमा सहयोग पुऱ्याउने ।

(छ) पर्यटकीय पूर्वाधारको विकास र निर्माणको क्रममा प्राकृतिक तथा सांस्कृतिक स्रोत साधनको उपयोग गर्दा वातावरण सरंक्षणतर्फ उचित ध्यान दिँदै स्रोत साधनको दीगो व्यवस्थापनमा जोड दिने ।

(ज) बहुभाषी, बहुधार्मिक, बहुसांस्कृतिक सम्पदा, परम्परा र पहिचानलाई संरक्षण गरी पर्यटन प्रवर्द्धनको श्रोतको रुपमा विकास गर्ने ।

४. **समितिको काम कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हनेछः-

(क) पर्यटन व्यवसायको स्थापना, सुधार, विकास, विस्तार, प्रवर्द्धन तथा संरक्षण गर्ने सम्बन्धमा पर्यटन पूर्वाधार विकास, पर्यटन सेवा, सुबिधा विस्तार, जनशक्ति विकास र पर्यटन स्थलहरूको पर्यावरण संरक्षण गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।

(ख) पर्यटकहरूका लागि सुबिधा बृद्धि गर्ने कार्यक्रमको तर्जुमा गर्ने कार्यमा संलग्न भई पालिका क्षेत्रलाई एक आकर्षक पर्यटन स्थलका रूपमा विकसित गर्ने ।

(ग) पर्यटकहरूलाई सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायहरूका क्रियाकलापहरूमा समन्वय, सहकार्य कायम गर्ने गराउने ।

(घ) पर्यटन व्यवसायको विकास र विस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तीय आधारहरू तयार पारी सोही अनुसार पर्यटन विकाससँग सम्बन्धित कायक्रमहरू कार्यान्वयन गर्ने, गराउने ।

(ङ) पर्यटन व्यवसायका विकास, विस्तार र प्रवंद्धन गर्नका लागि पर्यटन सम्बन्धी विविध क्रियाकलापहरूमा निजी क्षेत्रको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने गराउने ।

(च) पर्यटनसंग सम्बन्धित विद्यमान भौतिक पूर्वाधारहरूको व्यवस्थित र प्रभावकारी ढंगले उपयोग गरी पर्यटकहरूलाई गाउँपालिका क्षेत्रका धार्मिक र सांस्कृतिक महत्वका स्थलहरू, उच्च पहाडी तथा हिमश्रृङ्खलाहरू तथा मनोरम प्राकृतिक सौन्दर्यका दृश्यावलोकन गराउन निजी क्षेत्रलाई उत्पेरित गर्ने ।

(छ) पालिका क्षेत्रलाई एक साहसिक तथा आर्कषक पर्यटन केन्द्रका रूपमा विकसित गर्दै लैजाने र जल, स्थल र वायु तथा धार्मिक क्षेत्रमा आधारित मनोरन्जनात्मक तथा साहसिक खेल पर्यटन सम्बन्धी क्रियाकलापहरूलाई मौलिक संस्कति र परम्परामा प्रतिकूल असर नपर्ने गरी पालिकाका विभिन्न भागहरूमा सञ्चालन गर्ने, गराउने र त्यस्ता साहसिक पर्यटन सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।

(ज) राष्ट्रिय तथा अन्तराष्ट्रिय सभा-सम्मेलन, व्यापार मेला, सांस्कतिक तथा युवा महोत्सव, खेलकुद प्रतियोगिता लगायत अन्य रचनात्मक तथा प्रवंद्धनात्मक पर्यटकीय उत्पादनसँग सम्बन्धित क्रियाकलाप सञ्चालनमा बृद्धि गर्न, त्यस्ता क्रियाकलापहरु सफल सञ्चालन गर्न र निजी क्षेत्रलाई समेत त्यस्ता क्रियाकलापहरू संचालन गर्न प्रोत्साहित गर्ने ।

(झ) ऐतिहासिक महत्व भएका स्थलहरू तथा मठ-मन्दिर, गुम्बा पाटीपौवाहरूको संरक्षण सम्बन्धी विविध क्रियाकलापहरूमा स्थानीय जनसमुदायको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने ।

(ञ) पर्यटन पूर्वाधार तथा सुबिधाहरूको सदृढीकरण गर्दै नयाँ पर्यटन स्थलहरूको विकासका लागि ग्रामीण पर्यटन स्थलहरूका विकासलाई प्राथमिकता दिने र ग्रामीण पर्यटन विकासका विविध कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय ग्रामीण समुदायलाई घरबास कार्यक्रम (होम स्टे) का लागि उत्प्रेरित गर्ने ।

(ट) नयाँ पर्यटन स्थलहरूको पूर्वाधार निर्माण र विकासमा लगानी परिचालन गर्दै ग्रामीण भेगका वडाहरुमा ग्रामीण पर्यटन उपकेन्द्र बनाउन आवश्यक कार्य गर्ने ।

(ठ) धार्मिक तीर्थस्थलहरूको संरक्षण तथा सर्म्बद्धन गरी धार्मिक पर्यटन विकास गर्नका लागि धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरूमा पर्यटकहरू बढी आर्कषित हुने गरी सुबिधाहरू विस्तार गर्नका साथै त्यस्ता स्थलहरूलाई अन्तराष्ट्रिय धार्मिक केन्द्रका रूपमा विकसित गर्ने, गराउने ।

(ड) पर्यटन प्रर्वद्धनको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा साँस्कृतिक एवं पर्यटकीय नगर/क्षेत्र बीच पर्यटन भगिनी सम्बन्ध स्थापित गर्ने ।

(ढ) समितिको उद्देश्य प्राप्तिका लागि नेपाल सरकारको स्वीकृति लिई पर्यटन क्षेत्रको विकासको लागि अन्तराष्ट्रिय संघ संस्थाहरूसंग सम्झौता गर्ने ।

(ण) छिमेकका अन्य स्थानीय तहहरूसंग समन्वय गरी पारस्परिक लाभमा आन्तरिक पर्यटन सम्बन्धी गतिविधिहरूमा अभिबद्धि गर्ने ।

(त) पर्यटन जनचेतनाका लागि विभिन्न तहमा प्रचार, प्रसार कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(थ) पर्यटन व्यवसायीहरूबाट पर्यटकहरूलाई प्रदान गरिने सेवा तथा सुबिधाहरूलाई स्तरीय बनाई पर्यटकहरूका सुरक्षाका लागि समेत विशेष व्यवस्था गर्ने ।

(द) पर्यटन सेवा र सुविधाहरूमा गुणस्तर बृद्धि गर्नका लागि पर्यटन व्यवसायीहरूलाई आवश्यकीय आचार संहिता बनाई लागु गर्ने ।

(ध) पर्यटन व्यवसायमा संलग्न रहेका व्यक्ति वा संस्थाहरूलाई प्राविधिक ज्ञान प्रशिक्षण तथा प्राविधिक सहयोग प्रदान गर्ने सम्बन्धमा आवश्यक तालिम तथा प्रशिक्षण दिने कार्यमा सहयोग पुऱ्याउने ।

(न) पर्यटन व्यवसायको विकास गर्नको लागि नेपाल सरकार र प्रदेश सरकार संग समन्वय गरी आवश्यक सुझाव तथा परार्मश लिने ।

(प) पर्यटक तथा पर्यटन व्यवसायीहरूलाई पर्यटनसंग सम्बन्धित विषयहरूका सम्बन्धमा आवश्यक सेवा तथा परामर्श प्रदान गर्ने, गराउने ।

(फ) सास्कृतिक ग्राम, भवन निर्माण गर्ने र उत्कृष्ट ग्रामहरुलाई थप लगानी गर्ने ।

(ब) स्वदेशी पर्यटकहरूलाई आवश्यक सेवा तथा सुविधा उपलब्ध गराउनको लागि सहयोग गरी आन्तरिक पर्यटन विकासमा सहयोग पुऱ्याउने ।

(भ) पर्यटक खेलकुदको लागि आवश्यक व्यवस्था मिलाउने ।

(म) पालिका क्षेत्रमा रहेको सामुदायिक वनसँग समन्वय गरी पर्यटन प्रर्वद्धनका र विकासको कार्यक्रमहरु गर्ने ।

(य) पर्यटकहरुको लागि साइकल/मोटरसाइकल मार्ग लगायतका विभिन्न मार्ग र रोपलाइनहरु निर्माण गर्ने ।

(र) पर्यटकको लागि आवश्यक सुरक्षा व्यवस्था तथा स्वास्थ्य सुविधा मिलाउन समन्वय गर्ने ।

(ल) पर्यटन व्यवसायसँग सम्बन्धित निकायहरूले अपनाउनु पर्ने गुणस्तरलाई नियमित गरी त्यस्ता गुणात्मक सेवा प्रदान नगर्ने निकायहरूलाई प्रचलित कानूनमा तोकिएको मापदण्ड एवं अनुमति बिना कार्य गरेको पाइएमा आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(व) समितिले आवश्यकता भएमा उप-समिति गठन गर्न सक्नेछ ।

**कार्य समितिको पदाधिकारी तथा सदीयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।**

**(क) अध्यक्ष काम, कर्तव्य र अधिकार :**

(१) गाउँपालिकाको समग्र वार्षिक पर्यटन योजनाको विशेषज्ञ सेवा प्रदान गर्ने ।

(२) समितिको उद्देश्य अनुरुप अर्थात माथि उल्लेखित लक्ष्यहरु पुरा गर्न वार्षिक तथा आवधिक योजनाको प्रभावकारी कार्यान्वयन कार्ययोजना निर्माण गर्न र प्रभावकारी कार्यान्वयनको लागि कार्ययोजना, कार्यन्वयन र वार्षिक समीक्षा गर्ने ।

(३) राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संस्थासँग समन्वय गर्ने र स्थानीय आवश्यकताको आधारमा स्रोतको व्यवस्थापन तथा परिचालनमा गाउँपालिकालाई आवश्यक सहयोग पुऱ्याउने ।

(४) पर्यटन क्षेत्रको विकासका लागि योजना छनौट, बजेट निर्माण र कार्यन्वयनमा अधिकतम समय खर्चिने ।

(५) पालिका तथा समितिले छनौट गरिएका योजनाहरुको कार्यन्वयनका लागि प्रोजेक्ट तयार यसको डिपिआर तयार पार्ने र यसको कार्यन्वयन गर्ने ।

(६) कार्य समितिको नेतृत्व गर्ने ।

(७) कार्य समितिको बैठकको अध्यक्षता गर्ने र बैठकमा कुनै विषय सर्वसम्मतिबाट निर्णय हुन नसके मत बराबर भए निर्णायक मत दिने ।

(८) सदस्य सचिवललाई बैठक बोलाउन निर्देशन दिने ।

(९) बैठकमा योजना तथा प्रस्ताव ।

(१०)बैठकको निर्णय प्रमाणित गर्ने, बैठकको निर्णय कार्यन्वयन गर्ने गराउने ।

(११) पालिका अध्यक्षसँग सम्पर्क समन्वय गर्ने ।

(१२) आयव्ययको श्रेस्ता दुरुस्त राख्न लगाउने ।

(१३) पदाधिकारी तथा सदस्यलाई कामको जिम्मेवारी तोक्ने ।

(१४) पदाधिकारी तथा सदस्यहरुको राजिनाम स्वीकृत गर्ने ।

(१०) कार्य समितिको निर्णय गरेका अन्य कार्यहरु गर्ने गराउने ।

**सदस्य-सचिवको काम, कर्तव्य र अधिकार**

(१) अध्यक्षले अख्तियारी दिएमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने गराउने ।

(२) समितिको कार्यहरुको अनुगमन गर्ने गराउने ।

(३) अध्यक्षले तोकेको अन्य कामहरु गर्न गराउने ।

(४) समितिको प्रशासकीय प्रमुखको हैसियतमा काम गर्ने ।

(५) अध्यक्षको परामर्शमा कार्य समितिको बैठक बोलाउने ।

(६) बैठकको निर्णय उतार गरी अध्यक्षलाई प्रमाणित गरी बैठक पुस्तिका सुरक्षित राख्न लगाउने ।

(७) समितिको तर्फबाट गर्नुपर्ने प्रशासनिक सम्पुर्ण कार्य गर्ने गराउने ।

(८) कार्यसमिति तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने गराउने ।

**सदस्यको काम गर्तव्य र अधिकार**

(१) अध्यक्ष तथा समितिलाई सहयोग गर्ने ।

(२) बैठकमा सहभागी हुने ।

(३) समिति तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने ।

**५, वडा पर्यटन प्रर्वद्धन समिति गठन गर्न सक्ने :**

(१) समितिको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्यक्रमहरू सुव्यवस्थित रूपले सञ्चालन गर्न, गराउन र समितिका सम्पूर्ण काम कारवाहीहरूको रेखदेख तथा प्रबन्ध गर्नका लागि एक वडा पर्यटन प्रर्वद्धन समितिको गठन हुनेछ ।

(२) समितिमा देहायका सदस्यहरू रहनेछन :-

(क) पालिका पर्यटन समितिको अध्यक्षको समन्वयमा सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति - अध्यक्ष

(ख) सम्बन्धित वडाको वडा सदस्य मध्येबाट वडा समितिले तोकेको १ जना - सदस्य

(ग) सम्बन्धित वडाको संघसस्था मध्येबाट वडा समितिले तोकेको १ जना - सदस्य

(घ) पर्यटकीय स्रोत सम्पदा सम्बन्धी विषय विज्ञ र पर्यटन व्यवसायी मध्येबाट

वडा समितिले तोकेको १ महिला सहित ३ जना - सदस्य
(ङ) वडामा रहेका जातीय संघसंस्थाको प्रतिनिधि १ जना - सदस्य
(च) सम्बन्धित वडाको वडा सचिव -सदस्य सचिव

**६. वडा पर्यटन प्रर्वद्धन समितिको काम, कर्तव्य र अधिकारः**

(क) आन्तरिक पर्यटनको विकास र विस्तारमा जोड दिने,
(ख) घर बास (होम स्टे भिलेज टुरिजम) कार्यक्रमलाई प्रोत्साहन गर्ने,
(ग) एक गाउँ एक उत्पादनको पहिचान र प्रवर्द्धन गर्ने,
(घ) स्थानीय सस्कृतिको जर्गेना र विकास गर्ने,
(ङ) पर्यटकीय पूर्वाधारको विकास र विस्तार गर्ने,
(च) पालिका पर्यटन प्रवर्द्धन समितिले तोकेका अन्य कार्य गर्ने,

## परिच्छेद - ३
## समितिको बैठक र निर्णय

**१. समितिका बैठक र निर्णय :**

(१) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक पर्ने गरी अध्यक्षले तोके बमोजिम हुनेछ तर अध्यक्षले चाहेमा सो भन्दा अगावै पनि समितिको बैठक बोलाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक तिहाई सदस्यहरूले समितिको बैठक बोलाउनको लागि लिखित रूपमा माग गरेमा ३० दिनभित्र समितिका सदस्य-सचिवले संयोजकको अनुमति लिई समितिको बैठक बोलाउन पर्नेछ ।

(३) समितिका सदस्य - सचिवले समितिको बैठक बस्ने सूचनाका साथमा बैठकमा छलफल हुने विषयहरूका सूची बैठक बस्ने भन्दा २४ घण्टा अगावै सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा सदस्यहरु मध्येबाट ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको कुल सदस्य संख्याका ५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(६) समितिका बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिका निर्णय समितिका सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

## परिच्छद -४
## विविध

**१. समितिको सिफारिस अनिवार्य हुने :**

(१) पालिकामा पर्यटन व्यवसायसंग सम्बन्धित कुनै व्यवसाय सञ्चालन गर्न अनुमतिका निमित्त सम्बन्धित निकायमा निवेदन गरेमा त्यस्ता निकायले अनुमति प्रदान गर्नु अघि समितिको सिफारिस लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकिया नपुऱ्याई व्यवसाय संचालन गरेमा त्यस्तो व्यवसाय गर्नेलाई रू. २०,००० सम्म जरिवाना हुनेछ ।

**२. दण्ड सजाय :**

(१) यस कार्यविधि वमोजिम सिफारिस नलिई कसैले पर्यटन व्यवसाय संचालन गरेमा वा सो सम्बन्धी कारोवार गरेमा, गर्न खोजेमा वा त्यस्तो व्यवसाय नखोली वा कारोवार बन्द गर्न बाध्य पारेमा निजलाई २० हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा १० (१) उल्लंघन गर्ने व्यक्तिलाई पहिलो पटक कसुर गरेको भए रू. २०,००० सम्म र दोश्रो पटकदेखि पटकै पिच्छे रू. ४०,००० सम्म जरिवाना गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम गरेको निर्णय चित्त नबुझेमा गाउँपालिका न्यायिक समिति समक्ष ३५ दिन भित्र उजुर गर्न सक्नेछ ।

१. **वार्षिक प्रतिवेदन :** समितिको अध्यक्षले समितिका काम कारवाहीका वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले बढीमा दुई महिनाभित्र कार्यपालिका समक्ष प्रस्तुत गर्नुपर्नेछ ।

२. **अधिकार प्रत्यायोजन :** समितिले आफुलाई प्राप्त अधिकारहरूमध्ये कुनै वा सबै अधिकार आवश्यकतानुसार कुनै सदस्य वा उपसमितिलाई प्रत्यायोजन गर्नेछ, यसरी अधिकार प्रत्यायोजन गर्दा लिखित रुपमा दिनुपर्नेछ ।

१. **बैठक भत्ता :** समितिको बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ता पाउने छन् ।

**अनुसूची १**

जुगल गाउँपालिकाको पर्यटन विकासको छाप र लोगो निम्नानुसार हुनेछ ।